# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(संख्या १०९ को बाँकी)

२३. लांवगरको वाटो गरि टिंगरि किल्ला जान्या वाटो–

काठमाडौदेखि ५ कोसगै सागामा वास पर्छ तोप लैजान हुन्छ वाटो काठमाडौ देखि मैदानै मैदान हिडि वागमति मनहरा तरि ठिमि पुगि षास्यांषुस्यु षोला तरि भादगाउ पुग्छ ताहावाट हनुमंन्या षोला तरि सागामा वास तोप घोडा जांछन् कोस– ·५

सागावाट पलांचोक ५।। कोसमा वास पर्छ तोप ताजि घोडा पनि जांछ वाटो सागावाट गै होक्सा कोडाडो दम्सिलोउको पाउ भर गैर विडाडामा आधा कोस दम्सीलो वन्हालो जानु पर्छ अरू मैदानै छ आहावाट गै पलांचोकमा वास कोस– १०।।

पलांचोकवाट चौवास ४ कोसमा वास पर्छ. तोपताजि घोडा पनि जांछ वाटो वासदेखि कोस सर ठाडो वन्हालो गै सुनकोसि दोलाल घाट पुगि ताहावाट भुमलुका ठाडो उकालो २ को संगैचौवास पुग्छ कोस– १४।।

चौवासवाट फेदा षोला ४ कोसमा वास पर्छ. तोप ताजि घोडा पनि जान्छ वाटो लेषै लेष गरि मैदान वाटो २ कोसगै निगाला भाज्याङ पुगिना ताहादेखि ठाडो वह्रालो कचा १ कोस झरि वाफल षोला तरि आधा कोस तेर्छो गै लिस्यागु पसल पुग्छ ताहादेखि आधा कोस वह्रालो गै लिस्यांषु खोलामा फलाम साघु पुग्छ हिउंदोमा जंघार तर्नु हुन्छ वर्षामा जंघार तर्नु हुन्दैन. आहा देखि तेर्छो षुटका षुटकि गै फेदा षोला पुग्छ कोस– १९।।

फेदा खोलावाट फलगु धुनि ४ कोसमा वास पर्छ घोडा तोप पनि जान्छ सुर्क्यालो वाटो दम्सि लोउलो १ कोस गै सुर्क्या डांडा पुगि दम्सिलो. वन्हालो १ कोस झरि सुर्क्या गाउं पुग्छ ताहावाट कति तेर्छो कहि उकालो वह्रालो गरि कोस २ गै फलगु धुनि पुग्छ चरंग्या षोलामा दिउदोमा जंघार तर्नु हुन्छ वर्षामा काठ्या साघु तर्नु पर्छ– २३।।

फलगु धुनिवाट सुनषानि ४ कोसमा वास पर्छ तोप घोडा पनि जान्छ वाटो वासदेखि तेर्छो १ कोस वौदोलदिमा हिउदोमा जंघार तरि वर्षामा काठको साघु तरि ताहादेषि १ कोसगै दोलषा पुगि तेर्छो दम्सीलो गरि कोस २ गै सुनषानि पुग्छ वास वस्न्या ठाउ पानि छ कोस– २६।।

सुनषानिवाट वुलुगाउं ५ कोसमा वास पर्छ तोप घोडा पनि जान्छ वाटो वास देखि तेर्छो १ कोसगै गुंगु षोलामा हिउदोमा जधार वर्षामा साघु तरि कहि दम्सीलो उकालो वन्हालो गरि कोस २ गै सिगटि षोला पुगि केहि दम्सिलो उको कहि तेर्छो गरि २ कोस गै वुलुं गाउं पुग्छ वास वस्न्या ठाउँ पनि छ कोस– ३१।।

वुलुं गाउवाट लामा वगर ४ कोसमा वास पर्छ वाटो

वासदेखि कोस आधा गे देउला पुग्छ. ताहावाट आधा कोसगै ठाङ्चा पुग्छ ताहावाट आधा कोस गै छ्योन-छ्योन पुग्छ ताहावाट कोस २ गै लामा वगर पुग्छ आहा गौरि गोटा १५० जति होला कोस— ३५॥
लामा वगरवाट घ्यौर गुम्वा ५ कोसमा वास पर्छ वाटो वास देषि कोस १ मा अषद्रहात ७ गै जति होला वाटो विकट छ ताहावाट पाउभर गै देउरालिको उकालो चढि होममा पुग्छ. ताहा चौरी गोटा ६०।७० होला ताहावाट वन्हालो पाउ भर झरि कोस आधा गै. दोसाधको साघु पुग्छ. ताहावाट कोस १॥ गै घर ४।५ भयाको भोटचाको चौकि छ. ताहा चौरि गोटा ४०।५० होला. ताहावाट भोट्या कोसिको साघु तरि १ कोसगै महादेउ षहऱ्या पुग्छ ताहावाट फेरि साघु तरि १। कोसगै फलाक षासा पुग्छ. घर ९०।१०० जति होला ताहावाट फेरी साघु १ षहऱ्या १ तरि १। कोस गै घ्योर गुम्बा पुग्छ. आहादेखि ता जान्या १॥ दिन भारि वोकन्या ३ दिनमा टिगरि पुग्दो रहेछ कोस— ४०॥
घ्यौर गुम्वावाट ताजाङ ७ कोसमा वास पर्छ— ४७॥
ताजाङवाट घोगा षोलो ६ कोसमा वास पर्छ— ५३॥
घोगा षोलावाट दुमुगु ५ कोसमा वास पर्छ— ५८॥
दुमगुवाट सिग्याढाक ७ कोसमा वास पर्छ— ६५॥
सिग्याढाकवाट टिगरि किल्ला ३ कोसमा वास पर्छ-६८॥

२४. षुवुनाम जेगोलादेखि डिगर्जा जान्या वाटो यो वाटो घोडा जान शक्तैन. जय नामदेखि पुढो घोडा जांछ—

| | | | |
|---|---|---|---|
| वडि— | १ | नाङसोछिनाम्— | ६ |
| जाले— | २ | माङच्या— | ७ |
| जयनाम— | ३ | साषेगुम्वा— | ८ |
| टिगरि मैदान— | ४ | छुरुङ— | ९ |
| सेषार गुम्बा— | ५ | तार्ताङ— | १० |
| डिगर्चा— | | | ११ |

२५ च्यामतां गोलादेषि ८ दिनमा डिगर्चा पुग्न्या वाटो. यो वाटो घोडा जान शक्तैन अपठ्यारो छ—

| | | | |
|---|---|---|---|
| वलाम गोला— | १ | चिपलङ — | ५ |
| टेसिरापका वेनि— | २ | रेत— | ६ |
| सोहार— | ३ | डोर— | ७ |
| टिडिजोम्— | ४ | डिगर्चा— | ८ |

२६. टोपके गोलादेखि ३ वासमा. डिगर्चा पुग्न्या वाटो घोडा अरु नलेजान दिदैन अपठ्यारो छ—

| | | | |
|---|---|---|---|
| थ्युदान— | १ | डिगर्चा— | ३ |
| टेसिरापकोनि— | २ | × | × |

२७. हटिया गोलादेषि डिगर्चा जान्या वाटो. यो वाटो जान सक्तैन दोलखा वुलुंको वाटो—

| | | | |
|---|---|---|---|
| डाडा— | १ | मामचे— | ५ |
| साकेदाङ — | २ | साषेगुम्वा— | ६ |
| षर्ता— | ३ | छुरुङ— | ७ |
| टुवा— | ४ | तातुङ— | ८ |
| डिगर्चा— | | | |

२८. लापच्या गोलावाट टिगरि मैदान जान्या वाटो यो वाटो घोडा जान्छ—

| | | | |
|---|---|---|---|
| तासिगाङ— | १ | योजिङोयाङ— | ३ |
| पालिङ— | २ | टिगरि मैदानको गर्गाकोट— | ४ |

२९. फलाक गोलावाट टिगरि मैदान जान्या वाटो. यो वाटो घोडा जान शक्तैन अपठ्यारो छ. दोल वुलुंको वाटो—

| | | | |
|---|---|---|---|
| होम— | १ | टोमकु— | ४ |
| फलाक— | २ | टिगरि मैदान— | ५ |
| तजाङ— | ३ | × | × |

सम्वत १९११ साल पौष सुदि १४ रोज ३ का दिन श्री कम्याण्डर कर्णैल षड्गवहादुर कुवर राणाजीवाट आयाको चिठीका षामभित्र परि आयाको वालुङचुङ गोलाका नांग्या गोवाले गऱ्याको मुष जवान वालुङचुङदेषि चौरि भेडा भारि स्मेत जांदा ६।७ दिनका वाटो तिंग्या षलंगा भन्याको अडामा लामाकोर्री इलाका जि १ स्याछ्यार्पा कांजि १ र सिपाहि ५०।६० वस्तछन्. यो साल ज्येष्ठ मैन्हादेषि भाद्र मैह्नासम्म गोर्षाको लस्कर आउंछ भनी

आफना जिल्ला भरमा १८ वर्ष देखि उभो र ६० वर्ष देषि उधोको लोग्न्या मानिसको नाउ लेषि तिमीहरुले तिग्या षलंगामा सामेल हुनु पर्छ भनि गाउं गाउंमा उर्दि गर्दथ्यो. रसदको पनि ताकित गर्न्योथ्यो. भंछन्. तेस तिग्या षलंगामा वस्ति षलंगा भित्र पारि. वाहिर चारै–तिर माटाको आङ अघिदेषि वन्याको छ. तिग्या षलंगा देषि २ दिनको वाटो उभो सुषिमको दोसाधमा षम्वा षलंगा. डाडामा डिगर्चा टसिलिम्वुको औतारि लामाको काजि १ र सिपाहि २५ जवान वस्याको छ गढि किल्ला केहि छैन षाम्बा षलंगादेषि ५ दिनको वाटो षॅ षलंगा भन्याको अडामा ल्हासाको काजि १ र सिपाहि ५०।६० वस्दछन् येस षलंगा वाहिर चारैतर्फ ढुंगाको पर्षाल लाग्याको छ. षॅ षलंगा देषि ३ दिनमा डिगर्चा सहर पुगिछ. डिगर्चामा भोट्या सिपाहि १००० चिनिया. सिपाहि ५०० भोट्या काजि १ चिनिआ काजि १ आफना आफना षलंगा. वेगलै गरि वस्दछन्. गढि किल्ला पनि मजगुत वन्याको छ लामाका गुम्वामा पढन्या सिछे लामा-हरु २७ सै छन्. गुम्वैमा वसि रात दिन पढछन् र रसद पनि वजार जगेरा मजगुति छ. वालुङचुङवाट. तिग्या षलंगा जांदा विचमा वाटा वरिपरि साना साना गाउं छन्. तिग्हा पलंगादेषि २ दिनको वाटो वढो सहर भन्या-को ठुलो गाउं छ. तिग्या षलंगादेषि डिगर्चासिम्म र स्निवस्नि गाउ अडा अडामा छ. वालुङचुङ गोलादेषि दोसाध लंगुर ४ कोस पर्छ लंगुरदेषि हाम्रो पट्टि फेदिमा माफुवडार २।४ जना वस्नु हुन्या छ तेसै फेदिमा चौरि षरक भन्याको जगा समथर छ. षोला वारिपारि गरि ३।४ हजार वस्नु हुन्छ. षोला छिन्याको छैन. समथरै छ. लंगुरवाट झर्न्या ठाडो वह्गालो छैन. तेपाइ वाटो छ. तेस फेदिमा फागुनसम्म हिउं रहंछ. रंगुरवार पुहु भन्याको जगामा डोवाटो छ १ वाटोमा फुवाडारको वाटो. वलुङ चुङ गोलामा आउंछ १ वाटो मैवा षोलाको सिर. टोपके गोलामा आउंछ. तेसै पुदुगाउ देषि १ दिनको वाटो उभो टसिरपुका भन्याको जगामा माटाका २ वौद्ध छ तेसै ठाउं-मा ३ डोवाटो छ. १ वाटो पुदु आई वालुङचुङ र तोपके गोलामा आउंछ १ वाटो च्यांटामा आउंछ १ वाटो वालुङ चुङ पाचगाउको लगायामा भन्याको गाउंमा आउंछ मैले देष्याको सुन्याको जाहासम्म हो— १

३०. वालुचुङ दाहिनावाट डिगर्चा जान्या वाटो. यो वाटो घोडा लैजान हुन्छ—

| | | | |
|---|---|---|---|
| भचौफे– | १ | दाहिना वाटो टिजाजोर– | ५ |
| छिचेन– | २ | चिवलाङ- | ६ |
| तेसिरापकावेनि– | ३ | रेत– | ७ |
| साहर– | ४ | ओर– | ८ |
| डिगर्चा– | ९ | × | × |

३१. वलाचोकदेषि वाजावाट डिगर्चा जान्या वाटो. यो वाटो घोडा जांछ–

| | | | |
|---|---|---|---|
| सहरदेखि कतासेलि– | १ | छरु– | ४ |
| भामचे– | २ | नार्ताङ– | ५ |
| साषेगुम्वा– | ३ | डिगर्चा– | ६ |

३२. मुस्ताङदेषि झोगा झान्या वाटाको तपसिल

| | | | |
|---|---|---|---|
| संन्यो– | १ | मुलु– | ६ |
| आचाचेन– | २ | अपचेन– | ७ |
| चिपदिन– | ३ | ज्याग ल्हर्वे– | ८ |
| ङकपो– | ४ | न्युपघोन्वेनदुगा छ– | ९ |
| मेलिङ थान– | ५ | झोगा– | १० |

३३. जुमला छिनासिम अडावाट ल्हासासम्म जांदा वास ३।. ३।।९ ४।.४।। कोसका हिसावले ज्मा वास ३४ छ–

उत्तर मुष गरि जान्या–

| | | | |
|---|---|---|---|
| काभ्या– | १ | पिपल्यादि– | ७ |
| पिना– | २ | आरुषाडा– | ८ |
| लुमन– | ३ | मुगु– | ९ |
| माङरि– | ४ | सिङगोल– | १० |
| पुलु– | ५ | नाक्या– | ११ |
| तेवार– | ६ | षपताङ– | १२ |

जाहादेषि पूर्व मुष गरि जान्या

| | | | |
|---|---|---|---|
| षोङ | १३ | गेतम्– | २५ |
| चुन्यादेह | १४ | साङसाङकक | २६ |

| | | | |
|---|---|---|---|
| टोरे | १५ | नमरिङ | २७ |
| टेकखोला | १६ | लार्चिङ | २८ |
| छिचिमकोट | १७ | फुनजोलटिन | २९ |
| म्याजाङ | १८ | सिकार्चा | ३० |
| कालजुङ | १९ | रिवङ | ३१ |
| तुमज | २० | पेने | ३२ |
| ठोतुन | २१ | ढुसिम् | ३३ |
| निकुतम | २२ | चाका | ३३ |
| राकाटाजु | २४ | ल्हासा | ३४ |

३४. जुमला छिनासिमवाट ताकलाषारसम्म जान्या वाटो चार साढे चार पांच कोसमा वास गरि ज्मा वास— १५

उत्तर मुष गरि जान्या — २

| | | | |
|---|---|---|---|
| काम्या — | १ | पिना — | २ |

वांयव्य मुष गरि जान्या — १३

| | | | |
|---|---|---|---|
| वावं— | ३ | केर्मि — | ९ |
| रिमि — | ४ | याङगार — | १० |
| मेहेलछाप — | ५ | तुमकोट — | ११ |
| फुचा — | ६ | यारि — | १२ |
| दुर्या — | ७ | केट — | १३ |
| सिमकोट — | ८ | षोचेर — | १४ |
| ताकलाषार — | १५ | | |

(क्रमश:)